# शितगंगा नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ९, संख्याः २, मितिः २०८२/०९/१८


## भाग - २

# शितगंगा नगरपालिका

शितगंगा नगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कानुन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# डमरु दह (व्यवस्थापन, संरक्षण र विकास) कार्यविधि, २०८२

**प्रस्तावना :** शितगंगा नगरपालिका वडा नं. ३ मा अवस्थित डमरु दह नगरपालिकाको पहिचान, धार्मिक-सांस्कृतिक महत्व तथा पर्यटकीय आकर्षणको प्रमुख केन्द्र हो। यस क्षेत्रले पर्यटन, मनोरञ्जन तथा स्थानीय आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्याउने सम्भावना बोकेको छ। प्राकृतिक स्रोतको दिगो उपयोग, पर्यावरण संरक्षण, सार्वजनिक सम्पत्तिको संरक्षण तथा व्यवस्थित र पारदर्शी सञ्चालन सुनिश्चित गर्न शितगंगा नगरकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (क) यस कार्यविधिको नाम **"डमरु दह (व्यवस्थापन, संरक्षण र विकास) कार्यविधि, २०८२"** रहेको छ।

(ख) यो कार्यविधि राजपत्रमा प्रकाशित भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा**

(क) **"डमरु दह"** भन्नाले वडा नं. ३ मा अवस्थित जलस्रोत तथा वरपरको क्षेत्र बुझिनेछ।

(ख) **"सञ्चालक"** भन्नाले प्रतिस्पर्धात्मक बोलपत्रमार्फत सञ्चालन अधिकार प्राप्त प्राकृतिक/ कृतिम व्यक्तिलाई बुझिनेछ।

(ग) **"ठेक्का/ करार"** भन्नाले प्रतिस्पर्धात्मक बोलपत्र मार्फत निश्चित अवधि र शर्तसहित सञ्चालन गर्न गरिएको सम्झौता बुझिनेछ ।

(घ) **"नगरपालिका"** भन्नाले शितगंगा नगरपालिका बुझिनेछ ।

(ङ) **"साँस्कृतिक गतिविधि"** भन्नाले स्थानीय नाच, संगीत, साहित्य वा स्थानीय कला संस्कृति सम्बन्धी कार्यक्रमलाई बुझिनेछ ।

(च) **"स्थानीय बासिन्दा"** भन्नाले शितगंगा नगरपालिका भित्र बसोवास गर्ने व्यक्तिलाई बुझिनेछ ।

**३. उद्देश्य :** यस कार्यविधिका उद्देश्य देहायबमोजिम हुनेछन् :

(क) डमरु दहलाई व्यवस्थित, सुरक्षित, दिगो तथा पर्यटकमैत्री रूपमा सञ्चालन गर्नु ।

(ख) स्थानीय राजस्व अभिवृद्धि, रोजगारी सिर्जना तथा सामुदायिक सहभागिता प्रवर्द्धन गर्नु ।

(ग) तीर्थयात्री, स्थानीय तथा बाह्य पर्यटकलाई गुणस्तरीय सेवा सुविधा उपलब्ध गराउनु ।

(घ) सार्वजनिक सम्पत्तिको संरक्षण, पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नु ।

(ङ) स्थानीय सांस्कृतिक कार्यक्रम र अन्य आर्थिक सामाजिक तथा धार्मिक गतिविधिलाई व्यवस्थित र सुरक्षित रूपमा सञ्चालन गर्नु ।

## परिच्छेद २

## लागू हुने क्षेत्र र सञ्चालनका आधार

**४. लागू हुने क्षेत्र :** यो कार्यविधि डमरु दह तथा त्यससँग सम्बन्धित जलस्रोत क्षेत्र, पार्किङ, विश्राम स्थल, व्यवसायिक क्षेत्र, सांस्कृतिक तथा पर्यटक सेवा संरचनामा लागू हुनेछ ।

**५. सञ्चालनका आधार**

(क) संरक्षण, सौन्दर्यीकरण, सुरक्षा र दिगोपन ।

(ख) सार्वजनिक सम्पत्तिको पारदर्शी र जवाफदेही उपयोग ।

(ग) वातावरणीय संवेदनशीलता र स्थानीय हितको संरक्षण ।

## परिच्छेद ३

## ठेक्का तथा सञ्चालन प्रक्रिया

**६. ठेक्का तथा सञ्चालन प्रक्रिया**

**६.१ बोलपत्र आह्वान**

(क) नगरपालिकाले प्रचलित कानुनबमोजिम विद्युतीय बोलपत्रमार्फत ठेक्का आह्वान गर्नेछ ।

(ख) न्यूनतम १५ दिनको म्याद राखि सूचना प्रकाशन गर्नुपर्नेछ। सूचनामा आवश्यक कागजात, न्यूनतम मूल्य र शर्त स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

(ग) ठेक्का अवधि ३ वर्षको हुनेछ र कार्यसम्पादन मूल्यांकनका आधारमा नवीकरण गर्न सकिनेछ ।

(घ) सबैभन्दा योग्य तथा प्रतिस्पर्धी प्रस्तावक सँग करार सम्झौता गरिनेछ ।

**६.२ प्रस्ताव दर्ता**

(क) तोकिएको मिति, समय र स्थानमा ई विडिङ मार्फत प्रस्ताव दर्ता गराउनुपर्नेछ ।

(ख) दर्ता प्रमाण, कर चुक्ता प्रमाण, सञ्चालन क्षमता विवरण, स्थानीय रोजगार योजना, सुरक्षा सरसफाइ व्यवस्थाको विवरण र आर्थिक प्रस्ताव लगायत प्रचलित कानून अनुसारका कागजात पेश गर्नुपर्नेछ।

**६.३ प्रस्ताव मूल्याङ्कन**

आर्थिक प्रस्ताव, स्थानीय संलग्नता, सुरक्षा/ वातावरण योजना, व्यवस्थापन क्षमता र व्यवहारिक कार्ययोजनाका आधारमा मूल्यांकन गर्नुपर्नेछ।

**६.४ ठेक्का स्वीकृति**

(क) सबैभन्दा योग्य र प्रतिस्पर्धी प्रस्तावकलाई ठेक्का प्रदान गर्नुपर्नेछ।

(ख) करारपत्रमा हस्ताक्षर गरेपछि मात्र ठेक्का प्रभावकारी हुनेछ।

(ग) प्रचलित खरिद कानून अनुसार ठेक्का स्वीकृत हुनेछ।

**६.५ अवधि र नवीकरण**

(क) ठेक्का अवधि प्रचलित कानून बमोजिम हुनेछ र कार्य प्रगति मूल्याङ्कनको आधारमा नवीकरण गर्न सकिनेछ।

## परिच्छेद ४

## सञ्चालकको कर्तव्य र दायित्व, वातावरण संरक्षण एवं सुरक्षा तथा जोखिम व्यवस्थापन

**७. सञ्चालकको कर्तव्य र दायित्व**

(क) दैनिक सरसफाई, संरचना संरक्षण तथा नियमित मर्मत सम्भार।

(ख) फोहोर व्यवस्थापन, प्लास्टिक निषेध तथा जल प्रदूषण रोकथाम।

(ग) टिकट/ प्रवेश शुल्क पारदर्शी रूपमा सङ्कलन र अभिलेख।

(ख) जल प्रदूषण रोकथाम, फोहोर व्यवस्थापन र प्लास्टिक निषेध।

(ग) यात्रु, स्थानीय बासिन्दा र पर्यटकलाई लक्षित सेवा सञ्चालन।

(घ) टिकट प्रवेश शुल्क/पारदर्शी रूपमा उठाउने र अभिलेख।

(ङ) सूचना पाटी, निर्देशन बोर्ड, बत्ती, बस्ने स्थान र बालमैत्री संरचना।

(च) फोटो पोइन्ट, पदमार्ग, भ्यू डेक, पार्किङ, चिया/ खाजा घर जस्ता पूर्वाधारहरुको संरक्षण।

(छ) स्थानीय नाच र सांस्कृतिक कार्यक्रम व्यवस्थापन, अस्थायी स्टल स्थापना र स्थानीय उत्पादन प्रवर्द्धन।

**८. वातावरण संक्षण**

(क) जल, जमिन र जैविक विविधता संरक्षण गर्नुपर्नेछ।

(ख) फोहोर वर्गीकरण, प्लास्टिक निषेध, ध्वनि तथा रासायनिक प्रदूषण नियन्त्रण गर्नुपर्नेछ।

(ग) वर्षा व्यवस्थापन र ढुंगेढिस्को संरक्षण गर्नुपर्नेछ।

(घ) पर्यावरणीय क्षति भए ठेक्का प्राप्त गर्ने व्यक्ति नै जिम्मेवार हुनेछ।

(ङ) वातावरण संरक्षणको दायित्व ठेक्का प्राप्त गर्ने व्यक्ति/ संस्थाको हुनेछ।

**९. सुरक्षा तथा जोखिम व्यवस्थापन**

(क) प्राकृतिक विपद्, आगलागी, स्वास्थ्य आपतकाल, भीड व्यवस्थापन र सुरक्षासँग सम्बन्धित जोखिम पहिचान र तयारी योजनाहरु समावेश गर्नुपर्नेछ।

(ख) आकस्मिक उद्धार योजना, प्राथमिक उपचार टोली, जीवनरक्षक उपकरणको निरीक्षण र तालिम जस्ता महत्वपूर्ण क्रियाकलापमा स्थानीय प्रहरी र स्वास्थ्य संस्थासँग समन्वय गर्नुपर्नेछ।

(ग) सीसीटीभी, जीवनरक्षक उपकरण, प्राथमिक उपचार सामग्री र सुरक्षा संकेत अनिवार्य राख्नुपर्नेछ।

(घ) आकस्मिक घटनामा स्थानीय प्रहरीलाई तुरुन्त सूचना दिने व्यवस्था गर्नुपर्नेछ।

(ङ) राति १० बजेपछि सञ्चालन गर्नु परेमा सम्बन्धित प्रशासन र सुरक्षा निकायसँग समन्वय गरी सञ्चालन गर्नुपर्नेछ।

(च) जोखिम पूरक बीमा अनिवार्य (सञ्चालक र संरचना) हुनेछ।

(छ) सञ्चालक र कर्मचारी स्थानीय स्वयंसेवक/ युवा क्लवलाई समेत **पर्यटन, सरसफाई, सुरक्षा, आकस्मिक उद्धार र ग्राहक सेवा तालिम** प्रदान गरिनेछ।

(ज) स्थानीय प्रहरी, स्वास्थ्य केन्द्र र सुरक्षा निकायसँग **समन्वित आपतकालीन योजना** तयार गर्ने।

(झ) आकस्मिक अवस्थामा तुरुन्त सूचना प्रणाली, प्राथमिक उपचार र सुरक्षित निष्कासनको व्यवस्था।

(ञ) आगन्तुकलाई सुरक्षित स्थानमा सार्ने योजना र अभ्यास गर्नुपर्नेछ।

(ट) विशेष सुरक्षा आवश्यकता अनुसार **सञ्चालक र नगरपालिकाबीच प्रोटोकल** तयार पार्ने।

(ठ) CCTV, माइक प्रणाली, र आपतकालीन बटन जस्ता **सुरक्षा प्रविधिहरू** स्थापना।

(ड) डमरुदहको उच्च जोखिम क्षेत्र ढिस्को), वर्षा, सडक किनारा( मा **सतत निगरानी र रेकर्डिङ**।

(ढ) डमरुदहको रणनैतिक अवस्थाका कारण **स्थानीय युवा क्लब, महिला समूह, सहकारी**लाई सुरक्षा, सरसफाइ, आपतकालीन निगरानीमा सहभागी गराउने।

(ण) पर्यटन, सुरक्षा र स्थानीय उत्पादनलाई **समान रूपले प्रवर्द्धन गर्ने संरचना** बनाउने।

(त) रणनैतिक जोखिमको कारण, **सञ्चालक र नगरपालिका बीच दैनिकसाप्ताहिक समन्वय बैठक/**।

(थ) आकस्मिक घटना, संरचना सुधार, र पर्यटक सेवासम्बन्धी निर्णय तुरुन्त लिन मिल्ने प्रोटोकल निर्माण गर्ने।

(द) पहाडी र सडक किनारको **धरातल, ढिस्को र वर्षातको पानीको व्यवस्थापन** नियमित रुपमा निगरानी गर्नुपर्नेछ।

(ध) भूस्खलन, पहिरो वा सडक क्षतिको जोखिम भएका क्षेत्रमा **सुरक्षा संकेत, अवरोध र चेतावनी बोर्ड** राख्नुपर्ने।

(न) (न) डमरुदह वरपरको हरियाली, जैविक विविधता र जलस्रोतको संरक्षण गर्नुपर्नेछ। विशेष गरी सडक विस्तार र पर्यटकीय गतिविधिबाट हुने असर कम गर्नुपर्नेछ।

(न) डमरुदह मुख्य लाईभ लाइन सडकमा पर्ने भएकाले **सडक सुरक्षा, यातायात समन्वय र आपतकालीन पहुँच** सुनिश्चित गर्नुपर्नेछ।

(प) आगन्तुक, सामग्री ल्याउने बाटोका संरचना र सुरक्षा व्यवस्थापन अनिवार्य गर्नुपर्नेछ।

(फ) ठाडा दह र अन्य स्थलहरूमा एकीकृत सुरक्षा निगरानी )CCTV, जीवनरक्षक उपकरण, प्राथमिक उपचार किट।(

(ब) आकस्मिक अवस्थामा दुबै क्षेत्रको आपतकालीन प्रतिक्रिया टोलीबीच समन्वय गर्ने प्रणाली।

## परिच्छेद ५

## आर्थिक तथा राजस्व सम्बन्धी व्यवस्था

**१०. आर्थिक तथा राजस्व सम्बन्धी व्यवस्था**

(क) बोलपत्र मूल्य, राजस्व दर, किस्ता प्रणाली र जरिवाना व्यवस्थालाई करारपत्रमा समावेश गर्नुपर्नेछ।

(ख) ठेक्का/ करार सम्झौता गर्ने व्यक्ति वा संस्थाले व्यापार स्टल, सांस्कृतिक कार्यक्रम टिकट, पार्किङ शुल्कहरुबाट आर्थिक संकलन गर्न सक्नेछ।

(ग) दीर्घकालीन संरचना, सुरक्षा उपकरण, हरियाली तथा डिजिटल प्रणालीको लागि बजेट प्रबन्ध गर्नुपर्नेछ।

(घ) आर्थिक ऐनले तोकेको दरमा सेवा उपलब्ध गराउनुपर्नेछ।

(ङ) सेवाबाट हुने आम्दानी र खर्चको संक्षिप्त विवरण अनिवार्य रूपमा नगरपालिकामा पेश गर्नुपर्नेछ।

(च) पारदर्शी अभिलेख व्यवस्थापन गर्नुपर्नेछ।

## परिच्छेद ६

## सूचना प्रणाली, साझेदारी र समन्वय

**११. सूचना प्रणाली**

(क) अनलाइन टिकटिङ, आरक्षण प्रणाली, QR कोडमा आधारित प्रवेश व्यवस्थापनलाई व्यवस्थित गर्नुपर्नेछ।

(ख) आगन्तुक संख्या, स्रोत, समय, प्रतिक्रिया र सरसफाइ तथा सुरक्षा रिपोर्टको डिजिटल अभिलेख राख्नु पर्नेछ।

(ग) स्मार्टफोन एप वा वेब पोर्टलमा मार्गदर्शन, सूचना र आपतकालीन सूचना निरन्तर उपलब्ध गराउन सक्नेछ।

(घ) पर्यटक, स्थानीय बासिन्दा र बाह्य आगन्तुकलाई सकारात्मक सूचना र प्रचार सामग्री उपलब्ध गराउनु पर्नेछ।

(ङ) सामाजिक सञ्जाल, वेबसाइट, QR कोड र मोबाइल एपमा जानकारी अद्यावधिक गर्नुपर्नेछ।

(च) आगन्तुकको प्रतिक्रिया सङ्कलन र सुधार प्रक्रियामा प्रयोग गर्नुपर्नेछ।

(छ) प्रत्येक २ देखि ३ वर्षमा नवीनतम पर्यटक सुविधा, सूचना प्रविधि र संरचना सुधार योजना तयार गर्नुपर्नेछ।

(ज) आगन्तुक वा कर्मचारीलाई तत्काल सूचना पुर्याउने **साइरन, SMS, मोबाइल अलर्ट वा सार्वजनिक सूचना बोर्ड** मार्फत प्रवाह गर्नुपर्नेछ।

**१२. साझेदारी र समन्वय**

(क) राष्ट्रिय/ अन्तर्राष्ट्रिय विकास संस्था वा परियोजनासँग साझेदारी मार्फत स्रोत जुटाउन सकिनेछ।

(ख) स्थानीय समुदायलाई प्रत्यक्ष रोजगार र प्रशिक्षणमा सहभागी गराउनुपर्नेछ।

(ग) सहकारी वा स्थानीय उद्यमीसँग साझेदारी गर्न सकिनेछ।

(घ) स्थानीय समुदाय, युवा क्लब, महिला समूह, सहकारी तथा सम्बन्धित निकायसँग समन्वय गरी सञ्चालन गरिनेछ।

## परिच्छेद ७

## पूर्वाधार तथा सुविधा विकास, पेशागत आचरण र निषेधित गतिविधि

### १३. पूर्वाधार तथा सुविधा विकास

(क) सूचना कक्ष, पार्किङ, सुविधा कक्ष, विश्राम कक्ष, बालमैत्री स्थान, मोबाइल चार्जिङ, फोटो पोइन्ट र भ्यूडेस्क निर्माण गर्नुपर्ने छ।

(ख) स्थानीय उत्पादन बिक्री केन्द्र, रेष्टुरेन्ट र खाजा घर सञ्चालन गर्नुपर्नेछ।

(ग) सांस्कृतिक कार्यक्रमका लागि मञ्च, विद्युत र दर्शक बस्ने व्यवस्था सुनिश्चित गर्नुपर्नेछ।

### १४. पेशागत आचरण

(क) सञ्चालक र कर्मचारीले **पारदर्शिता, भ्रष्टाचार रहित सेवा, आगन्तुक सम्मान र व्यवहारिक जिम्मेवारी** सुनिश्चित गर्नुपर्नेछ।

(ख) नगरपालिकाले वा वडा कार्यालये निगरानी र अनुगमन गर्दा कर्मचारी वा सञ्चालकले नियम उल्लङ्घन गरे प्रचलित अनुसार कारवाही हुनेछ ।

### १५. निषेधित गतिविधि

(क) फोहोर गर्ने, पानी प्रदूषित गर्ने वा संरचनामा क्षति पुर्याउने गतिविधि गर्न पाईनेछैन।

(ख) अवैध बसोबास, मदिरा दुरुपयोग र अमर्यादित गतिविधि गर्न पाईनेछैन।

(ग) अत्यधिक आवाज/ डीजे प्रयोग वा धार्मिक/ साँस्कृतिक भावनामा ठेस पुर्याउने गतिविधि गर्न पाइने छैन।

## परिच्छेद ८

## अनुगमन तथा मूल्याङ्कन र अभिलेख व्यवस्थापन

### १६. अनुगमन तथा मूल्याङ्कन

(क) नगरपालिकाबाट नियमित रुपमा ठेक्का प्रक्रियाको अनुगमन, मूल्याङ्कन र निर्देशन गरिनेछ।

(ख) सेवा गुणस्तर, संरचना संरक्षण, आम्दानी अभिलेख, सरसफाइ सार्वजनिक हित, पर्यावरणीय संरक्षण, पर्यटन विकाससँग सम्बन्धित गतिविधि र जनसन्तुष्टि मूल्याङ्कन अनुगमन गरिनेछ।

(ग) आवश्यक परे सचेतना, सुधार आदेश वा नियम उल्लङ्घन भएको ठहरेमा तोके बमोजिम जरिवाना गरिने वा ठेक्का रद्द समेत गर्न सकिनेछ।

(घ) ठेक्का धारक, कर्मचारी वा आगन्तुकले गरिरहेको उल्लङ्घन द्रुत रूपमा रिपोर्ट र सुधार गर्नुपर्ने।

(ङ) मासिक /त्रैमासिक रिपोर्टमा **सुपरिभिजन म्याट्रिक्स**, जस्तैसुरक्षा :, सरसफाइ, पर्यटक सन्तुष्टि, आम्दानी, संरचनाको अवस्था आदिको जाँच गरिने।

(च) नगरपालिकाले अनुगमन टोली गठन गर्नुपर्ने, बाहिरी अडिटर /निष्पक्ष मूल्याङ्कन समावेश।

(छ) पानी गुणस्तर, माटोको स्थिरता, जैविक विविधता र हरियालीको नियमित निरीक्षण।

(ज) वर्षा/ ढुंगेढिस्को व्यवस्थापनको लामो अवधि निगरानी।

(झ) प्लास्टिक, ध्वनि र रासायनिक प्रदूषणको नियमित मूल्याङ्कन।

(ञ) साँस्कृतिक विरासतको संरक्षण र संरचनामा क्षति नगर्ने नियम कडाइ।

**१७. अभिलेख व्यवस्थापन**

(क) आर्थिक, प्राविधिक, संरचनागत र प्रशासनिक अभिलेखहरु सञ्चालकद्वारा व्यवस्थित गर्नुपर्नेछ।

(ख) अनुगमनको बेला ति अभिलेखहरु तुरुन्त उपलब्ध गराउनुपर्नेछ।

## परिच्छेद ९

## स्वास्थ्य, सरसफाई र दीर्घकालीन विकास योजनामा नवप्रवर्तन

**१८. स्वास्थ्य र सरसफाई**

(क) सार्वजनिक शौचालय, हात धुने सुविधा, पहिलो उपचार कक्ष नियमित निगरानी गर्नु पर्नेछ।

(ख) खाद्य व्यवसायमा स्वास्थ्य मापदण्ड अनिवार्य गर्नु पर्नेछ।

(ग) फोहोर व्यवस्थापनमा दैनिक, साप्ताहिक र मौसमी कार्य योजना बनाउनु पर्नेछ।

(घ) डमरुदह मार्गमा प्राथमिक उपचार कक्ष र आकस्मिक स्वास्थ्य टोली।

(ङ) आगन्तुकका लागि सुरक्षित विश्राम स्थल र सरसफाइ सुविधा।

**१९. दीर्घकालीन विकास योजनामा नवप्रवर्तन**

**१९.१ पर्यावरणीय र दिगो ऊर्जा प्रयोग**

(क) पर्यावरणमैत्री उर्जा सोलार बत्ती), सोलार पम्पर ( **पानी बचत प्रविधि**।

(ख) फोहोर व्यवस्थापन, कम्पोस्ट, प्लास्टिक निषेधलाई विशेष प्राथमिकता।

(ग) "हरित ऊर्जा" इको टुरिज्म मार्ग, डिजिटल मार्केटिङ।

(घ) साँस्कृतिक र स्थानीय उत्पादनको अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन।

(ङ) ऊर्जा, पानी, फोहोर र सुरक्षा व्यवस्थामा नवीनतम प्रविधि प्रयोग गर्नुपर्नेछ।

**१९.२ रणनीतिक पर्यटन र सूचना प्रणाली**

(क) सडक मार्गमा पर्ने भएकाले पर्यटकलाई मार्गदर्शन संकेत, आराम र आपतकालीन सुविधा राख्नु पर्नेछ।

(ख) रणनीतिक दृष्टिले डमरुदहको ऐतिहासिक, सांस्कृतिक र प्राकृतिक महत्त्वको सूचना पाटीब्रोसर / तयार गर्नुपर्ने छ।

(ग) मार्ग मार्गमा डिजिटल सूचना )QR कोड, मोबाइल एपराखेर आगन्तुकलाई सजिलो पहुँच। (

**१९.३ यातायात व्यवस्थापन**

(क) सडक र मार्गमा पर्यटक, स्थानीय र सामाग्री ढुवानीका लागि **व्यवस्थित पार्किङ, प्रवेश निकास मार्ग र ट्राफिक नियन्त्रण** आवश्यक।

(ख) मुख्य सडकमा ठुला बस वा भारी सवारी रोक्नेअनुमति दिने स्पष्ट नियम। /

**१९.४ स्थानीय उत्पादन र साँस्कृतिक प्रवर्द्धन**

(क) सडक मार्गमा पर्ने भएकाले स्थानीय हस्तकला, खानाखाजा—, र सांस्कृतिक प्रस्तुतिका स्टल राखेर आर्थिक अवसर सिर्जना।

(ख) सांस्कृतिक कार्यक्रमको तालिका र सूचना सार्वजनिक रूपमा अग्रिम उपलब्ध गराउने।

(ग) अन्य पर्यटकीय स्थलमा पनि स्थानीय खाना, हस्तकला, सांस्कृतिक प्रस्तुति र कार्यक्रमहरू एकीकृत गर्ने।

(घ) "ठाडा दह पर्यटक सञ्जाल "मार्फत स्थानीय उद्यम, कला र सांस्कृतिक पर्यटन प्रवर्द्धन गर्ने।

**१९.५ पर्यटक मार्ग र नेटवर्क विस्तार**

(क) ठाडा दहलाई नजिकका पर्यटकीय स्थल जस्तै धार्मिक), सांस्कृतिक, प्राकृतिक स्थलसँग ( जोड्ने पदमार्ग, ट्रेल र सडक नेटवर्क विकास गर्नुपर्नेछ।

(ख) मार्गमा सुविधाजनक विश्राम स्थल, सुरक्षा संकेत, र सूचना बोर्ड राख्ने।

(ग) मार्गमा पर्ने जोखिमपूर्ण क्षेत्रमा सुरक्षा उपाय र आकस्मिक सहायता उपलब्ध गराउने।

**१९.६ एकीकृत टिकट वा पास प्रणाली**

(क) ठाडा दह र अन्य नगरपालिका पर्यटन स्थलहरूको **साझा प्रवेश पासटिकट प्रणाली लागू गर्नु / पर्नेछ**, जसले सुविधा सजिलो र व्यवस्थापन पारदर्शी बनाउनेछ।

(ख) डिजिटल प्रणालीमार्फत **अनलाइन टिकट बुकिङ र मार्गदर्शन** उपलब्ध गराउने।

**१९.७ वातावरणीय संरक्षण र दिगोपन**

(क) ठाडा दहसँगै संसाधन र पारिस्थितिकी अनुकूल व्यवस्थापन, जस्तै पानी संरक्षण, फोहोर व्यवस्थापन, हरियाली र जैविक विविधता संरक्षण।

(ख) मार्ग र स्थलहरूमा सौर्य ऊर्जा, प्लास्टिक निषेध, कम्पोस्ट प्रणाली लागू गर्ने।

**१९.८ डिजिटल प्रमोशन र मार्गदर्शन**

(क) ठाडा दह र अन्य स्थलहरूको एकीकृत डिजिटल नक्शा, QR कोड सूचना, मार्गदर्शन एप।

(ख) पर्यटकलाई एकै प्लेटफर्ममा सबै स्थल र कार्यक्रमको सूचना उपलब्ध गराउने।

## परिच्छेद १०

## विविध

**२०. संशोधन गर्न सकिने :** यो कार्यविधि कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

**२१. कानून बमोजिम हुने :** यस कार्यविधिमा उल्लिखित विषय यसै बमोजिम र अन्य विषय प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

**प्रमाणिकरण मिति २०८२/०९/१८**

**आज्ञाले**
**कृष्ण प्रसाद सापकोटा**
**प्रमुख प्रशासकिय अधिकृत**